आज मिति २०८३ साल असोज २३ गते शुक्रबार यस हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मिना कुमारी लामाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिति				
सि. नं.	नाम थर	पद	वडा	दस्तखत
१	श्री मिना कुमारी लामा	नगर प्रमुख		
२	श्री राजेश बानिया	नगर उपप्रमुख		
३	श्री सविन न्यौपाने	वडा अध्यक्ष	१	
४	श्री विष्णु गोपाल महर्जन	वडा अध्यक्ष	२	
५	श्री ढलक बहादुर थापा	वडा अध्यक्ष	३	
६	श्री नविन सिग्देल	वडा अध्यक्ष	४	
७	श्री सुशील घिमिरे	वडा अध्यक्ष	५	
८	श्री विष्णु बहादुर दहाल	वडा अध्यक्ष	६	
९	श्री दामोदर गौतम	वडा अध्यक्ष	७	
१०	श्री राम कृष्ण थापा	वडा अध्यक्ष	८	
११	श्री सुकराम केसी	वडा अध्यक्ष	९	
१२	श्री फूर्वा दोर्जे तमाङ्ग	वडा अध्यक्ष	१०	
१३	श्री जुना दाहाल	वडा अध्यक्ष	११	
१४	श्री अर्जुन प्रसाद तिवारी	वडा अध्यक्ष	१२	

१५	श्री पेम्बा लामा	वडा अध्यक्ष	१३	
१६	श्री दिपक खड्का	वडा अध्यक्ष	१४	
१७	श्री सुनिल मुक्तान	वडा अध्यक्ष	१५	
१८	श्री रामकृष्ण कोइराला	वडा अध्यक्ष	१६	
१९	श्री उद्धब सत्याल	वडा अध्यक्ष	१७	
२०	श्री अनिल कुमार बानिया	वडा अध्यक्ष	१८	
२१	श्री नरनाथ सुवेदी	वडा अध्यक्ष	१९	
२२	श्री अर्जुन बहादुर राई	कार्यपालिका सदस्य		
२३	श्री विर बहादुर विक	कार्यपालिका सदस्य		
२४	श्री शंकर राई	कार्यपालिका सदस्य		
२५	श्री पातली माया गोड्वा	कार्यपालिका सदस्य		
२६	श्री रुक्मिणी गोड्वा	कार्यपालिका सदस्य		
२७	श्री साधना श्रेष्ठ	कार्यपालिका सदस्य		
२८	श्री ईश्वरी विक	कार्यपालिका सदस्य		
२९	श्री मञ्जु भुर्तेल	कार्यपालिका सदस्य		
३०	श्री टेक बहादुर वली	सदस्य सचिव		

हेटौंडा उपमहानगरपालिकाको ९३ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:

प्रस्ताव	निर्णय
१) प्रगति समीक्षा सम्बन्धमा।	मिति २०८३/०५/३० गतेको ९२ औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समीक्षा गरियो ।
२) आय व्यय सम्बन्धमा ।	आर्थिक वर्ष २०८३/०८४ को मिति २०८३।०६।२३ गतेसम्म कुल अनुमान गरिएको आयतर्फ संघीय सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक श्रोत रु.५८,६३,६६,२५३।१८ अर्थात २०.५७ प्रतिशत आम्दानी भएको र व्ययतर्फ रु.३६,२४,२७,९१४।५५ अर्थात १५.५६ प्रतिशत खर्च भएको आय व्ययको विवरण जानकारी भयो।
३) वार्षिक समीक्षा सम्बन्धमा।	हेटौंडा उपमहानगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को उपमहानगरपालिकाबाट भएको क्रियाकलाप समेटिएको प्रगति सहितको वार्षिक समीक्षा सम्पन्न गरियो ।
४) बारुणयन्त्र भत्ता सम्बन्धमा ।	हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय वन तथा वातावरण शाखा अन्तर्गत रहेको बारुणयन्त्र इकाईमा कार्यरत कर्मचारीहरुलाई नगर कार्यपालिकाको २०७४ साल माघ १७ गतेको कार्यपालिका बैठकको निर्णयबाट रु.१,०००।०० का दरले बारुणयन्त्र भत्ता उपलब्ध गराएकोमा पेश भएबमोजिम छुट भएका जनशक्ति जना ३ लाई समेत सोही अनुसार आन्तरिक श्रोतबाट बारुणयन्त्र भत्ता उपलब्ध गराउने र यस भन्दा पछाडि बारुणयन्त्रमा सरुवा हुने कर्मचारीलाई समेत यस किसिमको सुविधा उपलब्ध गराउने ।
५) रिजाल होल्डिङ्ग प्रा.लि.को IEE स्वीकृत सम्बन्धमा ।	हेटौंडा उपमहानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ बमोजिम गठित वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन तथा सिफारिस समितिको मिति २०८३।०६।२१ गतेको सिफारिस तथा बागमती प्रदेश सरकारबाट जारी भएको वातावरण संरक्षण ऐन, २०७७ को दफा ४ को उपदफा (२घ) एवम् उपमहानगरपालिकाबाट जारी भएको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा ६(२) बमोजिम रिजाल प्रोपर्टीज एण्ड होटल प्रा.लि.को व्यावसायिक भवन निर्माण तथा सञ्चालनको लागि पेश भएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने ।
६) नगर शिक्षा योजना स्वीकृत सम्बन्धमा।	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) को देहाय (१) बमोजिम तयार पारिएको, नगर शिक्षा समितिको २०८३।०५।०५ गतेको सिफारिस बमोजिम हेटौंडा उपमहानगरपालिकाको आवधिक शिक्षा योजना २०८२/०८३-२०८७/०८८ स्वीकृत गर्ने ।
७) नयाँ कानून तथा संशोधन कानून स्वीकृत सम्बन्धमा ।	हेटौंडा उपमहानगरपालिकालाई आवश्यक रहेका तपसिलबमोजिमका नयाँ कानून तथा संशोधनका लागि पेश भएका कानून स्वीकृत गर्ने । तपसिल: (१) हेटौंडा उपमहानगरपालिका तीन पाङ्ग्रे सवारी साधनलाई विद्युतीय सवारी साधनमा प्रतिस्थापन गर्ने मापदण्ड, २०८३ , (२) हेटौंडा उपमहानगरपालिका आपतकालिन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन विधि, २०८३, (३) हेटौंडा उपमहानगरपालिका कृषि तथा पशुपालन अनुदान वितरण कार्यविधि, २०७९ को दोस्रो संशोधन कार्यविधि, २०८३, (४) हेटौंडा उपमहानगरपालिका टोल विकास संस्था गठन, परिचालन तथा सञ्चालन कार्यविधि, २०७९ को पहिलो संशोधन कार्यविधि, २०८३ ।

प्रमाणीकरण गरियो ।
दस्तखत .....
नाम: टेकबहादुर बली
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति .....

८) कानून निर्माणको सैद्धान्तिक सहमति सम्बन्धमा।	हेटौंडा उपमहानगरपालिकालाई आवश्यक रहेका तपसिलबमोजिमका कानून तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्नेः तपसिल (१) हेटौंडा उपमहानगरपालिका स्ट्रीट फुड सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३, (२) सामुदायिक तथा निजी कुकुर व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३, (३) हेटौंडा उपमहानगरपालिका सुमो तथा इभी गाडी पार्किङ्ग, व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८३, (४) हेटौंडा उपमहानगरपालिका वडा नं. १० स्थित एकीकृत बस टर्मिनल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ ।
९) हेटौंडा नगर गान तथा पर्यटन वर्ष लोगो स्वीकृत सम्बन्धमा ।	हेटौंडा उपमहानगरपालिका पर्यटन वर्ष २०८३ को लोगो तथा नगरगान निर्माण सम्बन्धी कार्यविधि, २०८३ बमोजिम गठित मूल्याङ्कन समितिले म्यादभित्र पेश भएका नगर गान तथा पर्यटन वर्षको लोगोको मूल्याङ्कन गरी मिति २०८३।०५।११ गते पेश गरेको प्रतिवेदन अनुसार पर्यटन वर्ष लोगो तर्फः श्री चन्दनध्वज राना, ललितपुर-२३, धापाखेल र नगरगान तर्फः श्री श्रीराम पौडेल, हेटौंडा-१९ लाई सिफारिस गरेको हुँदा उक्त दुवै सर्जकले पेश गरेको पर्यटन वर्षको लोगो र नगरगान स्वीकृत गर्ने ।
१०) LGPAS को नतिजा मन्त्रालय पठाउने सम्बन्धमा।	यस उपमहानगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को LGPAS स्वःमुल्यांकनको प्रारम्भिक प्रतिवेदन अनुसार ७५.१ प्रतिशत नतिजाको सम्वन्धमा जिल्ला समन्वय समिति मकवानपुरवाट पृष्ठपोषण प्राप्त भएको अन्तिम नतिजाको लागि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने ।
११) रकम बाँडफाँट सम्बन्धमा ।	(क) ११ नं. वडा कार्यालयको चालु आ.व.२०८३/२०८४ को वडास्तरीय स्वीकृत वार्षिक कार्यक्रमको योजना कितावको पाना नं.२०९, सि.नं. २१५७ र २१५८ मा विनियोजित विविध पूर्वाधारवाट खर्च हुने रकम ११ नं. वडा समितिको मिति २०८३।०६।०७ को निर्णय तथा वडा कार्यालयको च.नं.८१८ मिति २०८३।०६।२१ को पत्रानुसार तपसिल वमोजिम वाँडफाड गर्ने र यसलाई आगामी नगरसभाबाट अनुमोदन गर्नेः

सि.नं.	पेज नं.	क्र.सं.	ख.शि.नं.	विवध पुंजिगत पूर्वाधार खर्च	१. बाध्यवादन सामग्री खरिद/प्रशिक्षण	२,७०,०००।-	
१	२०९	२१५७	३११५९	विविध पूर्वाधार खर्च रु.७,००,०००।– (सात लाखवाट)	२. पोर्टेवल भर्याङ खरिद २ थान	६०,०००।-	
					३. सागर पथ कल्भर्ट निर्माण	१,१५,०००।-	
					४. सरस्वती टोलमा टिका प्रसाद दुलालको घर जाने कच्ची बाटो स्ल्याव ढलान	२,५०,०००।-	
					विविध पूर्वाधार खर्च	५,०००।-	
					जम्मा	७,००,०००।००-	
२	२०९	२१५८	३११५९	विवध पूर्वाधार खर्च रु.७,९०,०००।-	१. नवलपुर चोक नाला निर्माण	५०,०००।–	
					२. रामहरी कार्कीको घर अगाडी सरस्वती टोलमा सार्वजनिक कुलोमा ह्युम पाईप राख्ने	६९,०००।-	

प्रमाणीकरण गरियो ।
दस्तखत: .....
नाम: टेकबहादुर बला
प्र. प्रमुख प्रशासकीय अधिकृत

						३. सूर्योदय टोल विकास अन्तर्गत ढिकुरेपाटीको लागि जस्ता पाता खरिद तथा फिटिङ ज्याला समेत	१,१२,०००।-
						४. वडा कार्यालय अधुरो भवन निर्माण सम्पन्न गर्नको लागि	५,००,०००।-
						विविध पूर्वाधार खर्च	५९,०००।००
						जम्मा	७,९०,०००।००

(ख) १९ नं. वडा कार्यालयको चालु आ.व.२०८३/२०८४ को वडास्तरीय स्वीकृत वार्षिक कार्यक्रमको योजना कितावको पाना नं.२६७, सि.नं. २८७१ मा विनियोजित विविध पूर्वाधारवाट खर्च हुने रकम १९ नं. वडा कार्यालयको च.नं. ५५४ मिति २०८३।०६।२२ को पत्रानुसार तपसिल वमोजिम वाँडफाड गर्ने र यसलाई आगामी नगरसभाबाट अनुमोदन गर्नेः

सि.नं.	पेज नं.	क्र.सं.	ख.शि.नं.	विविध पूर्वाधार निर्माण	१. डिपुडाँडामा चौर निर्माणको लागि	३,००,०००।-	
१	२६७	२८७१	३११५९	विविध पूर्वाधार निर्माण रु.१५,२५,०००।– (सात लाखवाट)	२. बासुदेवस्थित पूर्णजाग्रिती मण्डली भवन मर्मत तथा जिर्णोद्धार	५,००,०००।-	
					३. लेखपानी आरनचौरमा ग्राभेलिङ	३,००,०००।-	
					४. नेवारपानी शहरी स्वास्थ्य केन्द्र पार्टेसन	२,५०,०००।-	
					जम्मा	१३,५०,०००।००-	

१२) स्रोत सुनिश्चितता सम्बन्धमा ।	हेटौडा उपमहानगरपालिका १० नं. वडा कार्यालयको च.नं.४२५ मिति २०८३/०६/१३ को पत्रवाट सो वडामा निर्माणाधिन कोसेली घरको लागि लिफ्ट जडान गर्ने कार्यको गत आ.व.मा लागत ईष्टिमेट लगाएतका अन्य प्रकृया पुरा भई सकेकोले चालु वर्षको मर्मत संभार शीर्षकवाट हाल लाई रु.४००,०००.०० वजेट विनियोजन गरी थप वजेट सोहि शिर्षकवाट श्रोत सुनिश्चत गरी खरीद प्रकृया प्रारम्भ गर्ने ।
१३) योजना स्वीकृती सम्बन्धमा ।	हेटौडा उपमहानगरपालिका अन्तर्गत तपसिल वमोजिमको वडाहरुवाट योजनाहरु माग भई आएकोमा चालु आर्थिक वर्ष २०८३/०८४ को १९ औं नगर सभावाट स्वीकृत कार्यक्रम अन्तर्गत मर्मत सम्भार शीर्षकमा विनियोजित वजेटवाट तपसिलवमोजिमको योजना कार्यान्वयन गर्ने र यसलाई आगामी नगर सभावाट अनुमोदन गर्नेः तपसिल

सि.नं.	योजनाको नाम	स्वीकृत रकम	शिर्षक	कैफियत
१	देछेन छयोलिङ गुम्वाको भान्छा कोठा मर्मत, हेटौडा,०४	५००,०००।००	मर्मत संभार कोष	
२	ए.एम.एकिकृत कृषि तथा पशुपन्छी फार्म अगाडी वाटो मर्मत हेटौडा,३ वौराटार	३००,०००।००	मर्मत संभार कोष	
३	सामुदायिक पशु आश्रयस्थलको पुर्वाधार निर्माण हेटौडा-१	३००,०००।००	मर्मत संभार कोष	
४	पुष्पलाल स्मृति पार्कको कम्पाउण्ड वरिपरि ईन्टरलक गर्ने कार्य हेटौडा,०५	१०,००,०००।००	मर्मत संभार कोष	

प्रमाणीकरण गरियो ।
मितिः
नाम: देवबहादुर वली
उप प्रशासकीय अधिकृत

१४) विविध आर्थिक/ अनुदान/ कार्यक्रम सहयोग सम्बन्धमा।

हेटौंडा उपमहानगरपालिकामा विभिन्न मितिमा आफ्नो आर्थिक अवस्था कमजोर भई दैनिक जीविकोपार्जन र स्वास्थ्य सम्बन्धी उपचार गर्न असमर्थ भएको विषय उल्लेख गरी वडा कार्यालयको सिफारिस सहित आर्थिक सहयोग माग भई आएका साथै विभिन्न सामाजिक, सांस्कृतिक र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन सहयोग माग भएका संलग्नबमोजिमका निवेदनहरु उपर हेटौंडा उपमहानगरपालिका विकास कार्यक्रम सहायता कार्यविधि, २०८० र अन्य प्रचलित कानून बमोजिम देहायबमोजिमको सहयोग उपलब्ध गराउने र उपलब्ध गराइएको सहयोग रकम अनुमोदन गर्ने:

सि.नं.	सहयोग प्राप्त गर्नेको नाम थर/कार्यक्रम	ठेगाना	सहयोग रकम रु.	खर्च व्यहोर्ने शीर्षक
१	कृष्ण बहादुर प्रजा, आफ्नै उपचार सहयोग	हेटौंडा-१६	४०,०००।००	सामाजिक सहायता (उपचार सहयोग, आर्थिक सहयोग, जिन्सी सहायता समेत) खर्च शीर्षक २७२१९ पेज नं.३७ सि.नं.८३
२	ललितादेवी गौतम, श्रीमान दुर्गा प्रसाद गौतमको उपचार सहयोग	हेटौंडा-७	२५,०००।००	सामाजिक सहायता (उपचार सहयोग, आर्थिक सहयोग, जिन्सी सहायता समेत) खर्च शीर्षक २७२१९ पेज नं.३७ सि.नं.८३
३	शशि प्रसाद वि.क., आफ्नै उपचार सहयोग	हेटौंडा-१३	१५,०००।००	सामाजिक सहायता (उपचार सहयोग, आर्थिक सहयोग, जिन्सी सहायता समेत) खर्च शीर्षक २७२१९ पेज नं.३७ सि.नं.८३

१५) समिति गठन सम्बन्धमा।

हेटौंडा उपमहानगरपालिकाको आर्थिक वर्ष २०७९/०८० देखि २०८३/०८४ सम्मको उपलब्धि पुस्तिका प्रकाशन गर्नका लागि स्वीकृत बजेटको परिधिभित्र रही कार्य गर्न र सोलाई अन्तिम रुप दिनका लागि तपसिल बमोजिमको समिति गठन गरी जिम्मेवारी प्रदान गर्ने:

तपसिल:

संयोजक- डा.भीम प्रसाद तिमल्सिना, उपनिर्देशक, हेटौंडा उपमहानगरपालिका
विज्ञ सदस्य- श्री रमेश प्रसाद लामिछाने
विज्ञ सदस्य- श्री अनिश अधिकारी
सदस्य- श्री विना ठिके, अधिकृत सातौं, हेटौंडा उपमहानगरपालिका
सदस्य- श्री राजमणी शर्मा, अधिकृत छैठौं, हेटौंडा उपमहानगरपालिका
सदस्य- श्री सफल भुजेल, सूचना प्रविधि अधिकृत (छैठौं), हेटौंडा उपमहानगरपालिका
सदस्य-सचिव- श्री महेन्द्र चापागाई, अधिकृत सातौं, हेटौंडा उपमहानगरपालिका

१६) मेयर कप सम्बन्धमा ।

हेटौंडा उपमहानगरपालिकाको चालु आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत मेयर कप फुटबल प्रतियोगिता सञ्चालन शीर्षकमा रु.२० लाख विनियोजन भएकोमा उक्त प्रतियोगिता १३ नं. वडा कार्यालय मार्फत सम्पूर्ण व्यवस्थापन गर्ने गरी सञ्चालन गर्न १३ नं. वडा कार्यालयलाई अख्तियारी प्रदान गर्ने ।

१७) नर्म्स स्वीकृत सम्बन्धमा।

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र भएर बग्ने नदी, खोला, खहरेबाट नदीजन्य पदार्थ उत्खनन् गरी बिक्री गर्नका लागि चालु आर्थिक वर्ष २०८३/०८४ मा स्वीकृत बजेटको सीमाभित्र रही विभिन्न स्थानमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नका लागि यस कार्यालयमा विज्ञ जनशक्तिको अभाव रहेकोले सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम परामर्श सेवा खरिद गर्नका लागि नर्म्स नभएकोले सम्बन्धित महाशाखा र प्राविधिकबाट तयार भएको देहायबमोजिमको नर्म्स स्वीकृत गरी प्रकाशनको लागि सार्वजनिक खरिद अनुगमन कार्यालय पठाउने:

प्रमाणीकरण गरियो
दस्तखत: 23/12/22
नाम: टेकबहादुर [illegible]
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: .....

देहाय:

Hetauda Sub-Metropolitan City
Office of the Municipal Executive
Hetauda, Makwanpur
Bagmati Province
Norms for Rate Analysis
Initial Environmental Examination (IEE) of Sand, Gravel and Stone Extraction from various riverbeds

S. N.	Particulars	Units	Desk Study	Travel Time	Field work	Report Prepration	Total Mandays
A	**Key Staff**						
1	Team Leader (Environmentalist / Forestry Specialist / Ecologist)	days	4	2	5	10	21
2	Natural Resource Expert/GIS specialist/Botanist	days	1	2	2	3	8
3	Geologist /Geotechnical Engineer / Eng. Geologist	days	1	2	2	4	9
4	Hydrologist	days	1	2	2	3	8
5	Socio-Economist	days	1	2	2	3	8
	Sub-Total A						
B	**Supporting Staff**						
6	Technical Assistance (Physio-chemical)	days		2	3	1	6
7	Technical Assistance (Biological)	days		2	3	1	6
8	Technical Assistance(Socio-Economic)	days		2	3	1	6
9	Computer Operator	days	2			8	10
10	Surveyor	days	2	2	6	4	14
11	Support staff / helper	days	2	2	6	9	19
	Sub-Total B						
C	Transportation of personnel	LS	10 % of total cost of manpower				
D	Tools & equipment for data collection	LS	5 % of total cost of manpower				
E	stationary,printing and logistic support	LS	5 % of total cost of manpower				
F	Notice publication,Public hearing and presentation	LS	10% of total cost of manpower				

१८) योजनाको नाम संशोधन सम्बन्धमा।

हेटौंडा उपमहानगरपालिकाको चालु आर्थिक वर्ष २०८३/०८४ मा स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अन्तर्गत बजेट पुस्तिकाको पेज नं.८३ सि.नं.५६२ को वडा कार्यालय भवन निर्माण शीर्षकमा विनियोजित रकम रु.५० लाख मध्येबाट नगर कार्यपालिकाको मिति २०८३।०५।३० गतेको बैठकबाट निर्णय नं.४ को देहाय १ मा वडा कार्यालय भवन निर्माण तथा मर्मत सम्भार, हेटौंडा-१६ रु.३० लाख रकम बाँडफाँट गरिएकोमा उक्त योजनालाई सामुदायिक भवन निर्माण, हेटौंडा-१६ कायम गरी कार्यान्वयन गर्ने र आगामी नगरसभाबाट अनुमोदन गर्ने ।

प्रमाणीकरण गरियो ।
दस्तखत: ...
नाम: टेकबहादुर बली
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: ...